# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ०१ नगर सभाबाट पारित मितिः २०८३।०३।२८

प्रमाणिकरण मितिः २०८३।०३।३०

प्रकाशन मितिः २०८३।०३।३०

## भाग-१

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## सैनवार, बर्दियाको

## <u>सूचना !</u>

नेपालको संविधान बमोजिम ठाकुरबाबा नगरपालिकाको मिति २०८३।०३।२८ गतेको नगरसभाको **१९ औ** अधिवेशनबाट तल लेखिए बमोजिम **"ठाकुरबाबा आधारभूत नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८३"** पारित भई सभाध्यक्षबाट प्रमाणीकरण भएको उक्त ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ।

ठाकुरबाबा आधारभूत नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८३

# ठाकुरबाबा आधारभूत नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८३

<u>**प्रस्तावना**</u> : आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि नगर अस्पताल सञ्चालन सम्बन्धी कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले, नगर सभाले यो ऐन बनाएको छ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :**

(१) यो ऐनको नाम **"ठाकुरबाबा आधारभूत नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८३"** हुनेछ।

(२) यो ऐन ठाकुरबाबा नगरपालिकामा लागू हुनेछ।

(३) यो ऐन ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

**२. <u>परिभाषा</u>** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अस्पताल विकास समिति" भन्नाले दफा १० मा उल्लिखित समिति सम्झनु पर्छ।

(ख) "अनुमति प्रदान गर्ने निकाय" भन्नाले प्रचलित कानुनमा उल्लिखित अनुमति प्रदान गर्ने निकाय सम्झनु पर्छ।

(ग) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित ठाकुरबाबा आधारभूत नगर अस्पताल सम्झनु पर्छ।

(घ) "नगर कार्यपालिका" भन्नाले ठाकुरबाबा नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(ङ) "नगरपालिका" भन्नाले ठाकुरबाबा नगरपालिका सम्झनु पर्छ।

(च) "शाखा" भन्नाले ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्छ।

(छ) "प्रमुख" भन्नाले ठाकुरबाबा नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

**३. <u>स्वास्थ्य सेवा सञ्चाल</u>न** : (१) प्रचलित कानूनमा भएको व्यवस्था अनुसार आधारभूत नगर अस्पताल सञ्चालनका लागि सम्बन्धित निकायबाट अनुमति प्राप्त गरी अस्पताल सञ्चालन गर्नु पर्नेछ।

(२) अस्पतालले आफ्नो उद्देश्य र क्षमता अनुसार अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्नेछः-

| क्र.स. | सेवाहरु | क्र.स. | सेवाहरु |
|---|---|---|---|
| (क) | खोप सेवा | (ख) | प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा |
| (ग) | एकिकृत नवजात शिशु वाल रोग व्यवस्थापन सेवा, पोषण सेवा, गर्भवति सेवा, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन सेवा, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ नवजात शिशु तथा बालस्वास्थ्य सेवा | (घ) | फार्मेसी सेवा |
| (ङ) | आकस्मिक सेवा | (च) | आयुर्वेद तथा वैकल्पिक चिकित्सा स्वास्थ्य सेवा |
| (छ) | बहिरङ्ग सेवा | (ज) | सरुवा रोग सम्बन्धी सेवा |
| (झ) | अन्तरङ्ग सेवा | (ञ) | नसर्ने रोग सेवा तथा शारीरिक विकलाङ्गता सम्बन्धी सेवा |
| (ट) | निदानात्मक सेवा (प्रयोगशाला, रेडियो ईमेजिङ आदि) | (ठ) | मानसिक रोग सम्बन्धी सेवा |
| (ड) | शल्यक्रिया सेवा | (ढ) | ज्येष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा |
| (ण) | सघन उपचार सेवा | (त) | शव वहान र मर्चरी सेवा |

ठाकुरबाबा आधारभूत नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८३

४. **गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड** : (१) अस्पतालले स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नुका साथै मापदण्डहरूको समेत पालना गर्नु पर्नेछ :-

(क) बहिरङ्ग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरू र औषधि कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ।

(ख) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण नियन्त्रण (Infection Prevention) को व्यवस्था हुनु पर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ।

(ग) अस्पतालले विभिन्न एकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरू स्तरीय रूपमा सञ्चालन गर्न कार्यसञ्चालन निर्देशिका (Standard Operating Manual) तयार गरी लागू गर्नु पर्नेछ।

(घ) अस्पतालले बहिर्झ सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरू उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ने गरी) सबैले देख्ने ठाउँमा राखिएको हुनु पर्नेछ।

(ङ) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकबाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(च) बिरामीले आफूले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ।

(छ) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्दतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनु पर्नेछ।

(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमितरूपमा सफा सुग्घर राखिएको हुनु पर्नेछ।

(ञ) सबैले देख्ने स्थानमा उजुरी पेटीका राखिएको हुनु पर्नेछ।

(ट) जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएको उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ। साथै समाधान हुन नसके भएमा सोको कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ।

(ठ) बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको बिरामी बडापत्र (Patient Charter) अस्पतालको अग्र भागमा देखिने गरी राख्नु पर्नेछ र सोही अनुरूप सेवाको सुनिश्चितता गर्नु पर्नेछ।

(ड) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनु पर्नेछ।

(ढ) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धको खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनु पर्नेछ।

(ण) अस्पतालले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रूपमा पालना गरेको हुनु पर्नेछ।

(त) अस्पतालले चौबीसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(थ) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनु पर्नेछ ।

(द) आकस्मिक कक्षबाट बिरामी भर्ना गर्न, रिफर गर्ने बिरामीको रेफरल प्रक्रिया र बिरामी सार्ने पद्दति स्पष्ट परिभाषित भएको हुनु पर्नेछ।

(ध) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई निःशुल्क उपचार अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ।

(न) खण्ड (ध) बमोजिम उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखी नगर कार्यपालिकामा सोको प्रतिवेदन नियमित रूपमा पठाउनु पर्नेछ।

(प) अस्पताल सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्रको भवन निर्माण सम्बन्धी मापदण्ड अनुरूप हुन पर्नेछ।

(फ) अस्पतालले विपद् व्यवस्थापनको कार्ययोजना बनाएको हुनु पर्नेछ। सो कार्यका लागि सम्पर्क व्यक्ति तोकी सोको जानकारी नगरपालिकामा दिनुपर्नेछ।

(ब) अस्पतालले सूचना अधिकारी तोक्नु पर्नेछ।

(भ) बिरामी डिस्चार्ज गर्दा बिरामीलाई देहायका विवरणहरू उल्लेख गरी **अनुसूची-१** बमोजिमको डिस्चार्ज सारांश दिनुपर्नेछः-

१. बिरामीको परिचय पत्र नं.
२. मुख्य समस्याहरू
३. भौतिक परीक्षण गर्दा प्राप्त रिपोर्टको सारांश
४. तत्काल गरिएको परीक्षणको सारांश
५. उपचारका क्रममा भेटिएको तथ्य
६. उपचारको क्रममा अपनाइएको प्रक्रिया
७. उपचारको क्रममा अस्पतालमा रहेको अवधि
८. गरिएको उपचारको विवरण
९. डिस्चार्ज हुँदाको अवस्था, सो समयमा दिइएको निर्देशन तथा डाइट, व्यायाम, उपचार पद्धति, औषधिको मात्रा, प्रक्रिया तथा अवधि
१०. पुनः आउनु पर्ने वा नपर्ने जानकारी
११. निदानात्मक जाँचहरूको रिपोर्टको सारांश
१२. अन्य आवश्यक कुराहरू।

(२) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरलाई सुनिश्चितता प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह लिन अस्पताललाई प्रोत्साहन गरिनेछ।

५. **<u>गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था :</u>** (१) अस्पतालले आफूले प्रदान गरेको सेवाहरूको मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष परीक्षण (स्वःमूल्याङ्कन) गराई सोको

प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नगरपालिकामा प्रचलित कानूनले तोकेबमोजिमको ढाँचामा अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोलिएको अवधिभित्र प्रतिवेदन पेश नगरे अस्पताललाई सो प्रतिवेदन पेश गर्न नगरपालिकाले निर्देशन दिन सक्नेछ ।

(३) निरीक्षण तथा अनुगमनका क्रममा दिइएको निर्देशन पालना नगरेमा, तोकिएको गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगरेमा र गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगरेमा अस्पताललाई नगर कार्यपालिकाले अस्पतालले प्रदान गरी आएको सेवा पूर्ण वा आंशिक रूपमा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ ।

(४) अस्पताललाई कारबाही गर्नु पूर्व अस्पताललाई मनासिब माफिकको सफाइ पेश गर्ने मौका दिईनेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले सीमित गर्ने छैन ।

**६. <u>अस्पतालको पूर्वाधार सम्बन्धी मापदण्डहरू</u> :** (१) अस्पतालले सेवा सञ्चालन गर्दा देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) अस्पताल रहने स्थान धुँवा, धुलो, ध्वनि, जल तथा जमिन प्रदूषणबाट मुक्त भएको ।

(ख) अस्पताल रहने क्षेत्र र हाताभित्र उपयुक्त सुरक्षाको व्यवस्था भएको ।

(ग) अस्पताल पुन सडक यातायातको पहुँच भएको ।

(घ) पानी, बिजुली र सञ्चार सुविधा उपलब्ध भएको ।

(ङ) सवारी साधन पार्किङ्गका लागि पर्याप्त व्यवस्था भएको ।

(च) अस्पताल परिसरमा स्वस्थकर वातावरणका लागि वृक्षारोपण तथा बगैंचाको व्यवस्था भएको ।

(छ) जोखिमपूर्ण फोहर व्यवस्थापनका लागि उपयुक्त प्रविधिको व्यवस्था गर्नुका साथै फोहरमैला व्यवस्थापन कानून बमोजिम फोहर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार व्यवस्था मिलाएको ।

(२) आकस्मिक सेवाका लागि देहायबमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछ :-

(क) कुल शैया क्षमताको कम्तीमा दश प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरू उपलब्ध हुनु पर्नेछ । आकस्मिक सेवाका लागि छुट्याएको शैयालाई देहाय अनुरूप वर्गीकरण गरी सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ :-

(१) Red (R)= अति सिक्रस्त बिरामीको सेवा दिने शैया बराबर एक प्रतिशत,

(२) Yellow (Y)= सिक्रस्त बिरामीको सेवा दिने शैया बराबर दुई प्रतिशत,

(३) Green (G) = सामान्य बिरामीको सेवा दिने शैया बराबर तीन प्रतिशत,

(४) Black (B) = मृत्यु भईसकेका बिरामीलाई राख्ने शैया बराबर एक प्रतिशत,

(५) Observation Room/Bed बराबर तीन प्रतिशत,

(ख) आकस्मिक कक्ष सञ्चालन गर्दा अल्ट्रासाउण्ड, एक्सरे इमेजिङ सेवा, प्रयोगशाला, ओ.पी.डी., ओ.टी. तथा अन्य वाडहरूमा समेत सजिलै बिरामी ल्याउन सकिने हिलचेर /ट्रली ,स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनु पर्नेछ।

(ग) आकस्मिक कक्षमा प्रतीक्षालय, शौचालय, ट्रायज (Triage Room) चेन्जिङ्ग रूम, Medico-legal Case जस्तैः Rape victim आदिको लागि गोपनियता सुनिश्चित हुने कोठाको समेत व्यवस्था भएको हुनु पर्नेछ।

(घ) चौबीसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(ङ) अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबीसै घण्टा र चिकित्सक अनकल (on call) मा उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ।

(च) आकस्मिक विभागबाट बिरामी भर्ना गर्नु, रिफर गर्ने बिरामीको रेफरल प्रक्रिया तथा बिरामी सार्ने पद्दति स्पष्ट रूपमा परिभाषित रहेको हुनु पर्नेछ।

(छ) प्रकोपजन्य रोगहरू, प्राकृतिक प्रकोप जस्ता पक्षहरूलाई विचार गरी आकस्मिक उपचार सेवाका लागि संस्थाले विपत-व्यवस्थापन योजना बनाएको हुनु पर्नेछ।

(ज) आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तीमा Basic Life Support (BLS)/Primary Trauma Care (PTC)/Advance Cardiac Life Support (ACLS)/ Advance Trauma Life Support (ATLS) आदि सम्बन्धी तालिम लिएको हुनु पर्नेछ।

(३) बहिरङ्ग विभागका लागि देहायबमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछः-

(क) अस्पतालबाट प्रदान हुने प्रत्येक विशेषज्ञ सेवाका लागि ओ.पी.डी. कक्षको व्यवस्था मिलाएको।

(ख) अस्पतालका लागि सामान्यतया सामान्य चिकित्सा, बालरोग, सामान्य शल्यक्रिया, स्त्री तथा प्रसूति सेवा हुनुपर्ने तथा पूर्वाधार पूरा गरी हाड जोर्नी, नाक कान घाँटी, छाला तथा यौनरोग, आँखा, दन्त सेवा जस्ता सेवाको लागि स्वच्छिक रूपमा सञ्चालन गर्न सक्ने।

(ग) उपलब्ध भएको चिकित्सकहरूमध्ये सेवाग्राहीले उपलब्ध भएकोमा रोजेको चिकित्सकसँग परीक्षण गर्न पाउने व्यवस्था भएको।

(४) अन्तरङ्ग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनुपर्नेछः-

(क) अस्पतालमा शल्यक्रियापश्चात् पनि बिरामीको अवस्था स्थिर नभएसम्म उक्त शल्यक्रिया गर्ने समूह तथा सर्जन चिकित्सक र एनेस्थेसियोलोजिष्ट अस्पतालमा रहिरहनु पर्ने र तत्पश्चात् पनि सर्जरीको प्रकृति हेरी आवश्यक परेको खण्डमा तत्काल उपलब्ध हुने व्यवस्था मिलाउनु पर्ने।

(ख) नर्सिङ्ग ड्यूटी स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नु पर्ने । उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैयामा कल बेल राख्नु पर्ने ।

(५) एलाइड हेल्थ तथा निदानात्मक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) प्रत्येक किसिमका परीक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरूपको प्रयोगशालाको व्यवस्था भएको हुनु पर्ने ।

(ख) रेडियो डाइग्नोसिस, अल्ट्रासाउण्ड, एक्सरे फिल्म लोडिङ, अनलोडिङ तथा प्रोसेसिङ लगायतका इमेजिङ सेवा कक्षहरू ओ.पी.डी., ओ.टी. तथा वार्डहरूलाई समेत सजिलै बिरामी ल्याउन सकिने (हिभलचेयर/ट्रली, स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनुपर्ने ।

(ग) यस्ता सेवा प्रदान गरिने कोठाहरूमा प्रतिक्षालय, शौचालय, चेन्जिङ रूमको समेत व्यवस्था भएको हुनु पर्ने ।

(६) अस्पतालमा पोषण, खोप, आमा र बच्चाको स्वास्थ्य, परिवार नियोजन जस्ता सेवाहरूको नेपाल सरकारको नीति बमोजिम प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा उपलब्ध हुनु पर्नेछ ।

(७) अस्पतालमा कम्तीमा बच्चा तथा आमाको लागि विशेषज्ञ सेवा उपलब्ध गराउनु पर्नेछ ।

(८) औषधि पसल (Pharmacy) का लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पूरा गरेको हुनु पर्नेछ।

(क) अस्पताल हाताभित्र औषधि पसलको व्यवस्था अस्पताल फार्मेसी सेवा निर्देशिकाबमोजिम गर्नु पर्नेछ।

(ख) चौबिसै घण्टा औषधि पसल सञ्चालनका लागि फार्मेसी विषय अध्ययन गरेको दक्ष जनशक्तिको व्यवस्था हुनु पर्नेछ ।

(ग) औषधि पसलमा औषधिको गुणस्तरमा हास नहुने गरी सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्ने । साथै ताप संवेदनशील औषधि तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा भण्डारण हुनुपर्ने ।

(घ) उपचारमा प्रयोग गरिने लागू औषधहरू (Narcotic drugs) लागू औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम अस्पतालले चिकित्सकको लिखित प्रेस्क्रिप्सनअनुसार मात्र वितरण गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ । साथै औषधिको आम्दानी तथा वितरणको अभिलेख राख्नु पर्नेछ ।

(ङ) म्याद नाघेका औषधहरू नियमित रूपमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को Hospital Waste Management Guideline मा उल्लेख भएकोमा सोही बमोजिम र नभएको खण्डमा विश्व स्वास्थ्य संगठनको निर्देशिका बमोजिमको विधि अपनाई नष्ट गर्नु पर्नेछ ।

(च) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधिहरू चौबिसै घण्टा उपलब्ध हुने व्यवस्था हुनु पर्ने।

(छ) अस्पतालले बाह्य व्यक्ति वा संस्थालाई औषधी पसल सेवा संचालन गर्न दिएको अवस्थामा सो व्यक्ति वा संस्थाले पनि अस्पतालले पालना गर्नुपर्ने माथि उल्लेख भएका सम्पूर्ण शर्तहरू अनिवार्य रूपमा पालना गर्ने व्यवस्था मिलाएको हुनु पर्ने।

(ज) औषधीको खुद्रा मूल्यमा छुटको व्यवस्था भएमा सवैले देख्न गरी सूचना टाँस गर्नुपर्नेछ।

(झ) भवन संहितामा उल्लेखित मापदण्ड अनुरूप औषधी पसल सञ्चालन हुने भवन निर्माण भएको हुनु पर्ने।

(१२) अस्पताल व्यवस्थापन (Hospital Management) का लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) सोधपुछ तथा गुनासो सुनुवाई कक्षः

(१) सेवाग्राहीहरूको सुविधाको लागि आवश्यक कर्मचारी सहितको सोधपुछ कक्षको व्यवस्था हुनुपर्ने।

(२) अस्पतालले प्रदान गर्ने सेवाका विषयमा सेवाग्राहीको गुनासो सुनुवाई गर्ने उचित प्रबन्ध मिलाइएको हुनु पर्ने।

(ख) सूचना सम्प्रेषणः (१) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन कल (Intercom) को व्यवस्थाका साथै आवश्यक आधुनिक संयन्त्रको समुचित प्रयोग हुनुपर्ने।

(२) अस्पतालहरूमा सार्वजनिक संचार सेवाको व्यवस्था हुनुपर्ने।

(३) प्रहरी, एम्बुलेन्स, दमकल जस्ता सेवा लगायतका आकस्मिक सेवाका टेलिफोन नम्बरहरू स्पष्ट देखिने गरी राख्नु पर्ने।

(ग) पानी वितरण : (१) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरूका लागि चौबीसै घण्टा शुद्ध पानी विश्व स्वास्थ्य संगठनले तोकेअनुरूपको आपूर्ति हुनु पर्ने।

(घ) विद्युत् आपूर्ति : (१) अस्पताल क्षेत्रभित्र र सबै विभागहरूमा चौबीसै घण्टा विद्युत् आपूर्ति हुने व्यवस्था मिलाएको हुनुपर्ने । साथै लोडसेडिङ्गको समयमा विद्युत् आपूर्ति गर्न अटोमेटिक ब्याक अप सिस्टम स्थापना गरेको हुनुपर्ने।

(२) ओ.टी., इमर्जेन्सी कक्ष लगायतका संवेदनशील कक्षहरूमा आपतकालीन् विद्युत् ब्याक-अप राखेको हुनुपर्ने।

(ङ) सरसफाई तथा शौचालय व्यवस्था :

(१) अस्पतालको सम्पूर्ण क्षेत्र सधैं सफा राख्नु पर्नेछ।

(२) अस्पतालमा देहाय बमोजिमको सेवा दिने कक्षहरू वा क्लिनिकमा शौचालयको व्यवस्था हुनु पर्नेछः-

(क) आकस्मिक कक्ष,

(ख) प्रसूती कक्ष,

(ग) प्याथोलोजी सेवा कक्ष,

(घ) बहिरङ्ग कक्ष (आवश्यकता अनुसार महिला र पुरुषका लागि अलग अलग),

(ङ) प्रति छ बेडको जनरल सेवामा एक,

(च) महिला तथा अपाङ्गका लागि अलगै,

(छ) क्याबिन तथा डबल रूमका लागि (एटेच भएको),

(ज) डाक्टर तथा स्टाफका लागि (आवश्यकतानुसार),

(३) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवाप्रदायकका लागि पर्याप्त पानी र साबुन सहितको शौचालयको व्यवस्था हुनु पर्नेछ।

(४) शौचालय सधैं सफा राख्ने व्यवस्था गरेको हुनु पर्नेछ।

(५) मर्मत सम्भार व्यवस्था :

(क) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरू समयमै मर्मतको व्यवस्था हुनु पर्नेछ। साथै ठूला र गम्भीर प्रकृतिका औजार उपकरणहरूको कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरेको हुनु पर्नेछ।

(ख) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण, विद्युतीय उपकरण र अन्य विद्युतीय उपकरणहरूको नियमित मर्मत संभार गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(६) बिरामी कुरुवालाई सुविधा : अस्पतालको बार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार बिरामीको साथमा रहने एक जना कुरुवालाई बस्न सक्ने प्रबन्ध हुनु पर्नेछ।

(७) क्यान्टिन सुविधा : अस्पताल हाताभित्र खाना पकाउने (Kitchen) र खाना खाने (Dining) अलग-अलग ठाउँ सहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था भएको हुनु पर्नेछ।

(८) लण्ड्री व्यवस्था : (क) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रूमालजस्ता लुगाकपडा धुनको लागि लण्ड्रीको व्यवस्था भएको हुनु पर्ने।

(ख) अस्पताल भर्ना भएको बिरामीको लुगा धुने सुविधाको व्यवस्था भएको हुनु पर्ने।

(९) भण्डार (Store) व्यवस्था :

(क) आपतकालीन् अवस्थामा प्रयोग हुने सामग्रीहरूको अलगै भण्डार कक्ष हुनुपर्ने । यस्तो भण्डारमा कम्तीमा एक महिनाको लागि अत्यावश्यक सामग्री स्टक राख्ने व्यवस्था हुनुपर्ने ।

(ख) अस्पतालको लागि आवश्यक लताकपडा, सरसफाइ सामग्री, औजार, उपकरण तथा औषधिको न्यूनतम मौज्दात रहनु पर्ने र सो सामग्रीहरूको उपयुक्त भण्डारणको (Refrigerator, Ventilation, A/C) व्यवस्था गरेको हुनुपर्ने ।

(१०) सुरक्षा व्यवस्था :

(क) अस्पतालमा सुरक्षा व्यवस्था मिलाउन सुरक्षा गार्डको व्यवस्था भएको हुनुपर्ने ।

(ख) आपतकालीन् अवस्थाको लागि तत्काल सेवा प्रदान गर्न सुरक्षा निकायसँग समन्वय कायम गर्ने व्यवस्था मिलाएको हुनुपर्ने ।

(११) एम्बुलेन्स सञ्चालन : अस्पतालमा मेडिकल एटेंडेन्ट सहितको एउटा एम्बुलेन्स अनिवार्य हुनुपर्ने र अस्पतालले त्यस्ता मेडिकल एटेंडेन्टलाई Basic Emergency Medicine Training दिने व्यवस्था मिलाउनुका साथै एम्बुलेन्स सेवा सञ्चालन नीतिमोजिम एम्बुलेन्स सेवा संचालन गर्ने व्यवस्था मिलाएको हुनु पर्छ ।

(१२) यातायातको व्यवस्था : अस्पतालले कम्तीमा रात्रीकालीन् समयमा काम गर्ने कर्मचारीलाई आउन जान यातायातको व्यवस्था अनिवार्य रूपमा मिलाउनु पर्छ ।

(१३) अस्पतालको भवन (Building) :

(क) भवनमा सर्वसाधारणको जानकारीका लागि Disaster Management Plan तयार गरी सुरक्षा सम्बन्धी सङ्केत चिन्हहरू उपयुक्त स्थानमा प्रस्ट देखिने गरी राखिएको हुनुपर्छ ।

(ख) अस्पतालको कोठाहरू उपयुक्त भेंटिलेसन वा वातानुकुलित यन्त्र राखिएको हुनुपर्छ ।

(ग) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पी.डी., प्रयोगशाला, वाड, फार्मेसी, क्यान्टिनको व्यवस्था हुनुपर्छ।

(घ) अस्पतालमा ह्वीलचेयर तथा ट्रलीको व्यवस्था भएको हुनुपर्छ ।

(ङ) प्रतिक्षालयमा आवश्यकतानुसार बस्ने कुर्सीको व्यवस्था हुनुपर्ने र सूचना-पाटी, टेलिभिजन, पत्रपत्रिका लगायतका माध्यमबाट सूचना प्रदान गर्ने व्यवस्था मिलाएको हुनुपर्छ ।

(च) आपतकालीन् सेवाका लागि प्रयोग हुने सवारी साधनहरू अस्पतालको आपतकालीन् कक्ष र अन्य अत्यावश्यक ठाउँमा सहज रूपमा जान सक्ने गरी अलगै बाटो र गेटको व्यवस्था गरेको हुनुपर्छ।

(छ) सेवाग्राही र अस्पताल कर्मचारीहरूले प्रयोग गर्ने सवारी साधन र एम्बुलेन्स दमकल जस्ता सवारी साधनका लागि पार्किङ्गको व्यवस्था हुनुपर्छ । न्यूनतम पार्किङ्ग कूल जग्गाको पच्चीस प्रतिशत वा प्रति तीन शैयाका लागि एउटा कार पार्किङ्ग गर्न मिल्ने स्थल मध्ये जुन बढी हुन्छ, सोही अनुसार हुनु पर्छ।

(ज) अस्पताल जेष्ठ नागरिक, बालबालिका तथा अपाङ्गमैत्री हुनुपर्छ ।

(झ) ह्विलचेयर, ट्रली, स्ट्रेचरको पर्याप्त व्यवस्था हुनपर्ने र यस्ता सामग्री राख्ने ठाउँ र चलाउन सकिने पर्याप्त ठाउँ र चलाउने मानिसको समेत व्यवस्था भएको हुनु पर्नेछ।

(१४) वातावरण व्यवस्थापनका लागि देहाय बमोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा फोहोरमैला व्यवस्थापनको सम्बन्धमा आवश्यक ध्यान दिनु पर्नेछ।

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनमा प्रस्ताव भए बमोजिम कार्यन्वयन गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(१५) फोरहमैला व्यवस्थापनका लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पूरा गरेको हुनुपर्नेछः-

(क) अस्पतालबाट निष्काशित फोरहमैलाको व्यवस्थापन फोरहमैला व्यवस्थापन कानूनले तोके बमोजिम हुनपर्ने।

(ख) अस्पतालबाट निस्कासन हुने सामान्य तथा चिकित्साजन्य फोरहमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुट्याउने, सङ्कलन, दुवानी तथा उचित बिसर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने।

(ग) अस्पतालबाट सृजित संक्रमणजन्य फोरहलाई निःसंक्रमण गरेर अन्तिम व्यवस्थापन गर्नुपर्ने।

(घ) अस्पतालमा मर्करीयुक्त उपकरणको सट्टा डिजिटल प्रविधियुक्त उपकरण प्रयोग गर्नु पर्नेछ।

**७. जनशक्ति र सेवा सुविधा सम्बन्धी व्यवस्था** : (१) अस्पतालले देहायमा उल्लिखित जनशक्तिभन्दा बढी नहुने गरी जनशक्तिको व्यवस्था गर्नु पर्नेछ :-

| क्र.सं. | पद | तह | सेवा | समूह | दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कन्सल्टेन्ट मेडिकल जनरलिस्ट/व. क. मेडिकल जनरलिस्ट | ९/१० | स्वास्थ्य | मे. ज. | १ | |
| २ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज. हे. स. | २ | |
| ३ | मेडिकल/वरिष्ठ ल्याब टेक्नोलोजिस्ट | ७/८ | स्वास्थ्य | मे. ल्या. टे. | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | स्टाफ नर्स/अस्पताल नर्सिङ निरीक्षक/ बिरिष्ट अस्पताल नर्सिङ निरीक्षक | ५/६/७ | स्वास्थ्य | ज. न. | ६ | |
| ५ | अ.न.मी. /सि.अ.न.मी. /अ.न.मी.निरीक्षक | ४/५/६ | स्वास्थ्य | क.न. | ४ | |
| ६ | हेल्थ असिस्टेन्ट / जनस्वास्थ्य निरीक्षक/जनस्वास्थ्य अधिकृत | ५/६/७ | स्वास्थ्य | हे. ई. | ६ | |
| ७ | कविराज/कविराज निरीक्षक/ व. कविराज निरीक्षक | ५/६/७ | स्वास्थ्य | आयुर्वेद | १ | |
| ८ | वैद्य/बिरिष्ट वैद्य / वैद्य निरीक्षक | ४/५/६ | स्वास्थ्य | आयुर्वेद | १ | |
| ९ | ल्याब टेक्निसियन/ल्याब टेक्निसियन निरीक्षक/वरिष्ठ ल्याब टेक्निसियन निरीक्षक | ५/६/७ | स्वास्थ्य | मे.ल्या.टे. | २ | |
| १० | ल्याब असि./वरिष्ठ ल्या.अ. /ल्या.अ. निरीक्षक | ४/५/६ | स्वास्थ्य | मे.ल्या.टे. | २ | |
| ११ | रेडियोग्राफर/रेडियोग्राफी निरीक्षक /व. रे.नि. | ५/६/७ | स्वास्थ्य | रेडियोग्राफी | १ | |
| १२ | सहायक फार्मेन्सी निरीक्षक/ फार्मेन्सी निरीक्षक/वरिष्ठ फार्मेन्सी निरीक्षक | ५/६/७ | स्वास्थ्य | फार्मेन्सी | ४ | |
| १३ | डेन्टल हाइजिनिस्ट/ डेन्टल हाइजिनिस्ट निरीक्षक/ वरिष्ठ डेन्टल हाइजिनिस्ट निरीक्षक | ५/६/७ | स्वास्थ्य | डेन्स्ट्री | १ | |
| १४ | सहायक एनेस्थेसिया निरीक्षक/ एनेस्थेसिया निरीक्षक/व. एनेस्थेसिया निरीक्षक | ५/६/७ | स्वास्थ्य | विविध | १ | |
| १५ | सहायक अष्ट्रिसियन निरीक्षक/ अष्ट्रिसियन निरीक्षक/वरिष्ठ अष्ट्रिसियन निरीक्षक | ५/६/७ | स्वास्थ्य | विविध | १ | |
| १६ | सहायक फिजियो थेरापी निरीक्षक/फिजियो थेरापी निरीक्षक/व.फि.नि. | ५/६/७ | स्वास्थ्य | फिजियोथेरापी | १ | |
| १७ | वरिष्ठ प्रशासन सहायक/सहायक प्रशासकीय अधिकृत | ५/६ | प्रशासन | सा.प्र. | १ | |
| १८ | लेखापाल/सहायक लेखा अधिकृत | ५/६ | प्रशासन | लेखा | १ | |
| १९ | सहायक कर्मचारी/बी.मा सहजकर्ता | ४ | प्रशासन | सा.प्र. | २ | करार |
| २० | सहायक कम्प्युटर अपरेटर | ४ | प्रशासन | विविध | २ | करार |
| २१ | कार्यालय सहयोगी | क्षेत्रीविहिन | प्रशासन | सा.प्र. | २ | करार |
| २२ | सरसफाइकर्मी | क्षेत्रीविहिन | प्रशासन | सा.प्र. | ६ | करार |
| २३ | चौकीदार | क्षेत्रीविहिन | प्रशासन | सा.प्र. | ४ | करार |
| | **जम्मा** | | **४९ जना<br>स्थायी दरबन्दीः ३७ जना<br>करारः १६ जना** | | | |

(२) अस्पताल विकास समितिले प्रतिस्पर्धात्मक विधिबाट योग्य व्यक्ति छनौट हुने गरी सेवा करारमा कर्मचारीहरूलाई आवश्यकता अनुसार करार सम्झौता गरी कामकाजमा लगाउन सक्नेछ।

**(३) अस्पतालमा कार्यरत कर्मचारीहरूको तलब तथा करार सेवा शुल्क प्रचलित स्केल बमोजिम नगरपालिकाले उपलब्ध गराउनेछ भने अन्य सेवा सुविधा सम्बन्धी व्यवस्था देहायबमोजिम रहेको छः-**

(क) अस्पतालमा कार्यरत जनशक्तिलाई कार्यलय समय बाहेक अन्य समयमा गरेको कामका लागि आवश्यक प्रोत्साहन रकमको व्यवस्था गर्न सकिनेछ। तर यसरी प्रोत्साहन रकम उपलब्ध गराउँदा तलव स्केलको पचास प्रतिशतभन्दा बढी रकम उपलब्ध गराउन पाइने छैन।

(ख) अस्पतालमा कार्यरत जनशक्तिलाई अस्पतालले उपलब्ध गराउने सेवा तथा सुविधा प्रदान गरे बापत प्राप्त हुने आम्दानी, सेवाग्राहीहरूको सङ्ख्या, कर्मचारीको कार्यबोझ आदिलाई आधार बनाई अस्पताल विकास समितिले निर्णय गरी प्रोत्साहन स्वरूप थप सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन। यसरी उपलब्ध गराउने सुविधा देहायको मापदण्ड बमोजिम गर्नु पर्नेछः-

| क्र.सं. | सेवा शीर्षक | प्रोत्साहन अनुपात (आम्दानीको) |
|---|---|---|
| १ | निरोगिता प्रमाणित सेवामा | ५० % |
| २ | भिडियो एक्स-रे (USG) सेवामा | ३० % |
| ३ | एक्स-रे सेवामा | १० % |
| ४ | विष सेवनको केस व्यवस्थापन सेवामा | ४० % |
| ५ | प्लाष्टर सेवामा | ४० % |
| ६ | माइनर अपरेसन | ५० % |
| ७ | ई. सि. जि. सेवा | ३० % |
| ८ | रेबिज खोप | २५ % |
| ९ | मादक पदार्थ सेवन परीक्षण | ५० % |
| १० | अतिरिक्त समयमा कार्य गरेबापत मासिक | - ८० घण्टा वा सोभन्दा बढी अतिरिक्त समय काम गरेबापत शुरु तलब स्केलको ५०%,<br>- ५० घण्टा देखि ८० घण्टा सम्मको लागी ३०%<br>- ५० घण्टा भन्दा कम समय काम गरेकोमा ३०% आधारमानी सोही अनुपातमा रकम उपलब्ध गराउइनेछ। तर, दैनिक १ (एक) घण्टा र मासिक १० घण्टा भन्दा कम काम गरेको अवधिलाई यस प्रयोजनका लागि गणना गरिनेछैन । |
| १०.१ | प्रयोगशालामा संलग्न कर्मचारीहरूलाई जोखिम भत्ता बापत | १० % |
| १०.२ | प्रयोगशाला कर्मचारी | ७ % |
| | सरसफाइकामी | ३ % |

(ग) कार्यालय समय बाहेकको अतिरिक्त समय काम गरेबापत प्रोत्साहन पाउनका लागि इ-हाजिरी रेकर्ड प्रशासन शाखाबाट प्रमाणित गरी कार्यसम्पादन प्रतिवेदन अनिवार्यरूपमा पेश गर्नु पर्नेछ।

(घ) कर्मचारीहरू कामको सिलसिलामा कार्यालयभन्दा बाहिर भ्रमणमा वा काजमा खटिएमा अस्पताल प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराएर जानुपर्नेछ र निजहरूलाई सेवा सुविधा भ्रमण खर्च नियमावली बमोजिम उपलब्ध गराइनेछ।

(४) अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रवृत्तिमा अध्ययनरत विद्यार्थीहरूलाई अस्पतालले प्रचलित कानुन बमोजिम अभ्यासकर्ताको रूपमा नियमानुसार काममा लगाउन सक्नेछ।

(५) अस्पतालमा सम्बन्धित कक्ष / शाखाको प्रमुखले कर्मचारीहरूको सिफ्ट खुलाई दैनिक कार्यतालिका तयार गरी प्रशासनको सिफारिस तथा अस्पताल प्रमुखबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ । बिदामा बस्दा वैकल्पिक व्यवस्था गरी अस्पताल प्रमुखबाट बिदा स्वीकृत गराउनुपर्नेछ ।

(६) बिदा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ । करार सेवाका कर्मचारीको हकमा करार सम्झौतामा उल्लिखित भए बमोजिम हुनेछ ।

(७) अस्पतालमा कार्यरत कर्मचारीले प्रचलित कानूनबमोजिम आचरण तथा अनुशासनको पालना गर्नुपर्नेछ । तोकिएको आचरण तथा अनुशासन र जिम्मेवारी पालना नगर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही तथा सजाय हुनेछ ।

(८) करार सेवामा कार्य गर्ने कर्मचारीको प्रत्येक छ महिनामा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेछ। पचहत्तर प्रतिशतभन्दा कम कार्यसम्पादन मूल्याङ्कन बापतको अङ्क प्राप्त गर्ने कर्मचारीको करार भङ्ग हुनेछ।

८. **<u>औषधी, यन्त्र, उपकरण तथा जिन्सी सामग्री व्यवस्थापन र फार्मेसी सञ्चालनः</u>** (१) जिन्सी व्यवस्थापनको कार्यहरू देहाय बमोजिम गर्नुपर्नेछः-

(क) अस्पतालको जिन्सी व्यवस्थापनको लागि तोकिएको म.ले.प. फारामको ढाँचामा जिन्सी आम्दानी तथा खर्च अभिलेख राख्नु पर्नेछ।

(ख) जिन्सी खातामा खरिद गरेका सामग्री, सङ्घीय सरकार, प्रदेश सरकार, नगरपालिका, कुनै संघ संस्था, दातृ निकाय वा व्यक्तिबाट प्राप्त भएको सामानको आम्दानी बाँध्नु पर्नेछ।

(ग) सङ्घीय सरकार, प्रदेश सरकार, नगरपालिकाले कार्यालय, कुनै संघसंस्था, दातृ निकाय वा व्यक्तिबाट प्राप्त भएको सामानको आम्दानी बाँधी त्यसपछि बस्ने समितिको बैठकमा जानकारी गराउनु पर्नेछ।

(घ) अस्पताल प्रमुखले समय समयमा जिन्सी सामानको निरीक्षण तथा सुपरिवेक्षण गर्नु पर्नेछ।

(ङ) वर्षको कम्तीमा एकपटक जिन्सी निरीक्षण गर्न लगाई जिन्सी सामानको अद्यावधिक अवस्थाको बारेमा समितिम प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ र त्यस्तो प्रतिवेदनको एक प्रति नगरपालिकामा समेत पेश गर्नु पर्नेछ।

**(२) औषधि खरिद, भण्डारण तथा वितरण सम्बन्धी कार्यहरू देहाय बमोजिम गर्नुपर्नेछः-**

(क) अस्पताल औषधी पसलबाट बिक्री वितरण गर्न आवश्यक औषधि समितिको निर्णयानुसार प्रचलित कानुन बमोजिम खरिद गर्नुपर्नेछ।

(ख) अस्पतालले वार्षिकरूपमा आवश्यक पर्ने सामग्री, औषधि तथा स्वास्थ्य उपकरणको अनुमान गरी वार्षिक खरिद योजना बनाई समितिबाट स्वीकृत गर्नु पर्नेछ।

(ग) अस्पतालले अस्पतालमा आउने बिरामीको सङ्ख्या तथा रोगको आधारमा औषधीको माग तथा आपूर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ।

(घ) औषधी नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधी भण्डारण गर्नु पर्नेछ।

(ङ) भण्डारको मुख्य जिम्मेवारी प्रशासन शाखाको हुने र औषधी आपूर्ति तथा वितरणलाई पारदर्शी बनाउन अस्पताल प्रमुखले एक जना कर्मचारीलाई जिम्मेवारी तोक्नु पर्नेछ । निजले दैनिक औषधीको खपत तथा मौज्दातको अभिलेख व्यवस्थापन गरी राख्नु पर्नेछ।

(च) तोकिएको कर्मचारीले खर्च भएर जाने र नजाने जिन्सी सामानको नियमित जिन्सी स्रेस्ता समेत अद्यावधिक गरेर राख्नु पर्नेछ।

(छ) चिकित्सकको प्रेस्कृप्सन अनुसारको औषधीको समुचित प्रयोगका लागि बिरामी वा हेरचाह गर्ने व्यक्ति वा औषधी लिन आउने व्यक्तिलाई औषधी दिने व्यक्तिले अनिवार्य रूपमा निम्न जानकारीहरू दिनुपर्नेछः-

- औषधीको सेवन विधि र मात्रा
- औषधीको सेवन अवधि
- औषधीबाट हुनसक्ने प्रतिअसर
- औषधी सेवन अवधिर अपनाउनु पने सावधानी
- औषधी सुरक्षित राख्ने विधि

(ज) औषधि वितरण गर्दा औषधी बिक्री वितरण सम्बन्धी संहिता र औषधी सम्बन्धी प्रचलित कानुनको पूर्ण पालना गर्नु पर्नेछ।

(झ) अस्पतालले आपूर्ति व्यवस्थापन सूचना प्रणालीमा नियमित रूपमा औषधी उपकरणको विवरण अधाधिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

**(३) फार्मेसी सञ्चालन सम्बन्धी कार्यहरू देहाय बमोजिम गर्नुपर्नेछः-**

(क) निःशुल्क औषधि वितरण तथा तथा सःशुल्क औषधि बिक्री गर्न अस्पतालले आफ्नै औषधी पसल सञ्चालन गर्नेछ।

(ख) औषधी पसलमार्फत् बिक्री गर्ने औषधिको व्यवस्थापन अस्पताल आफैले गर्नेछ।

(ग) फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र नेपाल सरकारको फार्मेसी सञ्चालन निर्देशिका, २०७२ बमोजिम हुनेछ।

(४) अस्पतालमा औषधि, औजार तथा उपकरणहरू र सोको खरिद सम्बन्धी कार्यलाई व्यवस्थापन गर्न अस्पताल विकास समितिका अध्यक्ष संयोजक, अस्पतालको प्रमुख सदस्य, अस्पतालको लेखाको कर्मचारी र फार्मासिस्ट सदस्य र अस्पतालको प्रशासन शाखा प्रमुख सदस्य सचिव हुने गरी एक खरिद व्यवस्थापन समिति हुनेछ। यस समितिले आवश्यकतानुसार खरिद सम्बन्धी जानकारी व्यक्ति र विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

**९. <u>अस्पतालको कोष सम्बन्धी व्यवस्था</u>** : (१) अस्पतालको एक मूल कोष रहनेछ।

(२) कोषको सञ्चालन अस्पताल प्रमुख र प्रशासन सेवाको एक जना कम्तिमा पाँचौ तहको लेखा वा प्रशासन समुहको स्थायी कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ। लेखा वा प्रशासन समुहको कर्मचारी नभएको अवस्थामा अस्पतालको वरिष्ठ स्वास्थ्यकर्मीलाई यस प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ।

(३) कोषमा देहाय बमोजिमका रकमहरू जम्मा हुनेछन्ः-

(क) अस्पताल सञ्चालनको लागि सङ्घीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त रकम,

(ख) अस्पताल सञ्चालनको क्रममा विभिन्न सेवा शुल्क र दस्तुर बापत प्राप्त रकम,

(ग) औषधी पसल सञ्चालनबाट प्राप्त रकम,

(घ) अन्य जुनसुकै स्रोतबाट कानून बमोजिम प्राप्त हुने रकमहरू।

(४) अस्पताल विकास समितिको निर्णयानुसार मूल कोष मातहतमा रहने गरी आवश्यक खाताहरू सञ्चालन गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमको कोष नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त कुनै सरकारी स्वामित्वको "क" वर्गको बैंकमा खोल्नु पर्नेछ।

(६) कोषको आय-व्यय देखिने गरी प्रचलित कानून बमोजिम लेखा राख्नुपर्नेछ । सोको आन्तरिक लेखा परीक्षण नगरपालिकाबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गराउनु पर्नेछ। आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने दायित्व अस्पताल प्रमुखको हुनेछ।

(७) अस्पताल सञ्चालन गर्नका लागि आवश्यक पर्ने प्रशासनिक, व्यवस्थापकीय लगायतका अन्य खर्चहरू अस्पताल विकास समितिको निर्णयानुसार कोषबाट गर्न सकिनेछ। तर **अनुसूची-२** बमोजिमका खर्चहरूका लागि समितिको निर्णय आवश्यक पर्ने छैन।

(८) विपन्न, असहाय तथा बेवारिसे बिरामीको उपचारको लागि अस्पतालले एक आकस्मिक कोषको स्थापना गरी सो कोषबाट आवश्यक उपचारको व्यवस्था मिलाउनेछ।

(९) उपदफा (८) बमोजिमको कोषमा अस्पतालको आम्दानीको पाँच प्रतिशत रकम जम्मा गर्नु पर्नेछ।

(१०) उपदफा (८) बमोजिमको कोषको सञ्चालन यस ऐनको दफा ९ उपदफा २ बमोजिम हुनेछ।

(११) उपदफा (८) बमोजिमको कोषमा अन्य निकाय, संघसंस्था वा व्यक्तिबाट प्राप्त हुने बजेट समेत जम्मा गर्न सकिनेछ।

(१२) असहाय तथा विपन्न परिवारको निःशुल्क वा सहुलियतपूर्ण उपचार गर्दा अस्पताल व्यवस्थापन समितिका अध्यक्षको सिफारिसका आधारमा र बेवारिसे बिरामीको निःशुल्क उपचार गर्दा प्रहरी कार्यालयको सिफारिसको आधारमा गरिनेछ।

**१०. <u>अस्पताल विकास समितिको गठन र काम, कर्तव्य र अधिकार</u>** : (१) अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको अस्पताल विकास समिति हुनेछ :-

(क) प्रमुखले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अस्पताल रहेको वडाको वडा अध्यक्ष - सदस्य

(ग) प्रमुखले तोकेको एक जना महिला कार्यपालिका सदस्य - सदस्य

(घ) बजार व्यवस्थापन वा बुद्धिजीवि वा व्यापारी वा औषधि व्यवसायीहरूमध्येबाट अध्यक्षले मनोनित गरेको एक जना - सदस्य

(ङ) महिला स्वास्थ्य स्वयंसेविकामध्येबाट प्रमुखले मनोनित गरेको एक जना - सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(छ) अस्पतालको प्रमुख - सदस्य सचिव

**(२) अस्पताल विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) सुव्यवस्थित ढंगले अस्पताल सञ्चालनको लागि आवश्यक नीतिगत, कानूनी एवं संस्थागत व्यवस्थाको लागि उपयुक्त निर्णय गरी नगर कार्यपालिकामा पेश गर्ने,

(ख) मापदण्ड अनुसारका भौतिक संरचना निर्माण, जनशक्ति व्यवस्थापन, औजार उपकरणको व्यवस्था लगायतका कार्यहरू गर्न आवश्यक समन्वय, सहकार्य र सहजीकरण गर्ने,

(ग) अस्पताल सञ्चालनको लागि नगरपालिकाले दिएको निर्देशन तथा स्वीकृत कार्यक्रमहरूको कार्यान्वयन गने गराउने,

(घ) अस्पतालको भौतिक, आर्थिक, सामाजिक तथा संस्थागत वातावरणलाई स्वच्छ एवं स्वस्थ तुल्याउने,

(ङ) अस्पतालबाट सेवा प्रवाहको क्रममा आएका गुनासाहरूको उचित सम्बोधन र व्यवस्थापन गर्ने,

(च) अस्पतालको सञ्चालन, व्यवस्थापन र विकासका सम्बन्धमा आवश्यक अन्य कार्य गर्ने,

(छ) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने,

(ज) अल्पसङ्ख्यायक, आदिवासी, जनजाति, ज्येष्ठ नागरिक, विपन्न, अपाङ्गता भएको व्यक्ति, बालबालिका, किशोर किशोरी, महिला समेतलाई मध्य नजर राखी अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(झ) अति विपन्न, असहाय तथा अपाङ्गता भएको व्यक्तिहरूलाई निःशुल्क वा सहूलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गने आवश्यक प्रबन्ध मिलाउने,

(ञ) अस्पतालको भौतिक सम्पत्तिको एककीन तथाङ्क अद्यावधिक गने एवं सम्पत्तिको संरक्षण तथा मर्मत सम्भारको व्यवस्थापन गर्ने,

(ट) अस्पतालबाट दिइने सेवाको लक्ष्य अनुसार प्रगति भए/नभएको अनुगमन गर्ने,

(ठ) अस्पतालको विकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गने,

(ड) अस्पतालको मासिक प्रगति प्रतिवेदन हरेक महिना HMIS अनुसार तयार गने लगाई DHIS-2 मा तथ्याङ्क प्रविष्ट गने लगाउने,

(ढ) नेपालको संविधान, प्रचलित कानुन र नीति बमोजिम स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरू व्यवस्थित रूपले सञ्चालन गर्ने वा गराउने,

(ण) सङ्घ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरू व्यवस्थित रूपले सञ्चालन गर्ने वा गराउने ।

(३) माथि जुनसुकै कुरा लेखिएको भएता पनि विकास समितिले गरेका नीतिगत, कानूनी एवं संस्थागत महत्वपूर्ण निर्णय, कर्मचारी भर्ना, नियुक्ति अवकाससँग सम्बन्धित विषय नगरपालिकाको सञ्चित कोषबाट व्ययभार हुने गरी भएको निर्णयहरू नगर कार्यपालिकाबाट अनुमोदन भएपछि मात्र लागू हुनेछन् ।

(४) समितिको पदावधी पाँच वर्षको हुनेछ । तर उपदफा (१) को (ख) र (ग) मा उल्लिखित सदस्यको पदावधि निज निर्वाचित भएको पदावधि समाप्त भएपश्चात् र उपदफा (१) को (क), (घ) र (ङ) मा उल्लिखित सदस्यको पद निजलाई मनोनित गने व्यक्तिको पद समाप्त भएमा वा निजले अर्को व्यक्तिलाई मनोनित गरेमा स्वतः समाप्त हुनेछ ।

(५) उपदफा (१) बमोजिमको अस्पताल विकास समितिका सदस्यहरूको पद देहायको अवस्थामा रिक्त हुनेछः-

(क) मृत्यु भएमा,

(ख) लिखित राजीनामा दिएमा,

(ग) नैतिक पतन हुने गरी फौजदारी अभियोगमा अदालतबाट दोषी ठहरिएमा,

(घ) प्रचलित कानून बमोजिम अयोग्य ठहरिएमा,

(ङ) नगर अस्पतालको हित विपरीत हुने कुनै कार्य गरेमा,

(च) कार्य सम्पादन लगायत विविध कारणले अध्यक्षले पदमुक्त गरेमा,

(छ) बिना सूचना लगातार समितिको तीन वटा बैठकमा अनुपस्थित भएमा,

(ज) पदावधि समाप्त भएमा।

(६) उपदफा (५) बमोजिम पदमुक्त हुने सदस्यलाई सफाइको मौकाबाट बञ्चित गरिने छैन।

(७) समितिको बैठक बस्दा कम्तीमा तीन दिन अगावै बैठक सम्बन्धी कार्यसूची अध्यक्षको निर्देशन बमोजिम सदस्य सचिवले समितिका सबै सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ। तर कुनै महत्वपूर्ण विषयमा छलफल गर्नुपर्ने भएमा यो समयसीमाले बाधा गर्ने छैन।

(८) बैठकमा कम्तीमा एकाउन्न प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ। यसरी बैठक बस्दा बहुमत सदस्यले गरेको निर्णय मान्य हुनेछ।

(९) बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्नेछ।

(१०) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले तोके बमोजिम हुनेछ।

**११. सेवा शुल्क निर्धारण तथा प्रशासनिक खर्च सम्बन्धी व्यवस्था** : (१) सर्वसाधारणलाई उचित मूल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुर्याउने प्रयोजनको लागि अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरको आधारमा अस्पतालले लिन सक्ने सेवा शुल्क प्रचलित कानुनमा तोकिएको अवस्थामा सोही बमोजिम र नतोकेको अवस्थामा अस्पताल विकास समितिले तोके बमोजिम हुनेछ।

(२) अस्पतालको दैनिक प्रशासनिक कार्य सञ्चालन तथा व्यवस्थापनमा हुने खर्च (बत्ती तथा पानी महसुल, मर्मत सम्भार खर्च, सरसफाई सामग्री खर्च, खाजा तथा प्रोत्साहन खर्च, दैनिक भ्रमण खर्च आदि) मा मितव्ययिता अपनाउनुपर्नेछ।

**१२. पूर्ण सरकारी हुने** : (१) आधारभूत नगर अस्पताल पूर्ण सरकारी अस्पताल हुनेछ।

(२) अस्पताल सञ्चालन र व्यवस्थापनको लागि आवश्यक जनशक्ति, भौतिक संरचना, आर्थिक स्रोत लगायतको व्यवस्थापनमा अस्पताल विकास समितिले नगरपालिका, सङ्घ तथा प्रदेश सरकारसँग समेत आवश्यक समन्वय, सहकार्य र परामर्श गर्नेछ।

**१३. <u>अस्पताल प्रमुख सम्बन्धी व्यवस्थाः</u>** (१) अस्पतालमा कार्यरत चिकित्सकहरूमध्ये कार्य अनुभव वा न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता हासिल गरेको आधारमा वरिष्ठ चिकित्सकलाई अस्पताल प्रमुखको रूपमा कार्य गर्नका लागि जिम्मेवारी दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अस्पताल प्रमुखको रूपमा जिम्मेवारी प्रदान गर्दा स्थायी चिकित्सक कार्यरत भएसम्म करारमा कार्यरत चिकित्सकलाई प्रमुखको रूपमा काममा लगाइने छैन।

(३) दुई वा दुई भन्दा बढी चिकित्सकको तह, सेवा अवधि र शैक्षिक योग्यता समान भई अस्पताल प्रमुख तोक्न द्विविधा उत्पन्न भएमा समितिले निर्णय गरी एक जना चिकित्सकलाई अस्पताल प्रमुखको जिम्मेवारी दिन सक्नेछ।

(४) अस्पताल प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको अधीनमा रही नेपाल सरकारबाट जारी गरिएका आधारभूत स्वास्थ्य सेवा तथा आवश्यकतानुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्यूनतम सेवा मापदण्डलाई कार्यान्वयन गर्ने र अस्पतालको दैनिक सेवा सञ्चालन गर्ने। अस्पताल सञ्चालनका लागि सरकारी र गैरसरकारी संस्थाहरूसँग समन्वय गर्ने,

(ख) अस्पताल सञ्चालनका लागि वार्षिक बजेट तथा कार्यक्रम तयार गरी समितिमामा पेश गर्ने,

(ग) अस्पतालको गुणस्तर कायम राख्ने, क्षमता अभिवृद्धि गर्ने तथा अन्य आवश्यक कार्यहरू गर्ने,

(घ) अस्पतालको लेखा उत्तरदायी अधिकारीको रूपमा कार्य गर्ने,

(ङ) अस्पतालको आर्थिक नियन्त्रण, जिन्सी व्यवस्थापन, रेखदेख तथा निरीक्षण सम्बन्धी कार्य गर्ने,

(च) मातहत कर्मचारीहरूको भैपरी आउने बिदा, पर्व बिदा र घर बिदा स्वीकृत गर्ने,

(छ) अस्पताल प्रमुखले आफ्नो बिदा तथा काम प्रमुख प्रशासकीय अधिकृत मार्फत स्वीकृत गराउनुपर्ने,

(ज) कर्मचारीहरूलाई कुनै संघसंस्थाले स्वदेशमा सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार तथा अभिमूखीकरण कार्यक्रममा भाग लिनको लागि माग गरेमा त्यस्ता किसिमका तालिम, गोष्ठी, सेमिनार तथा अभिमूखीकरण कार्यक्रममा भाग लिन जाँदा काज स्वीकृत गर्ने र सोको अभिलेख राख्ने,

(झ) अस्पताल व्यवस्थापन समितिको सदस्य सचिवको रूपमा कार्य गर्ने ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी सूचना नगरपालिका, प्रदेश र सङ्घको सम्बन्धित निकायमा आवश्यकतानुसार उपलब्ध गराउनु पर्नेछ।

(३) अस्पतालबाट प्रदान भएका सेवा सुविधाहरूको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमार्फत् हुनेछ।

(४) बिरामीहरूले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको **अनुसूची-३** बमोजिमको नागरिक बडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राखु पर्नेछ र सोही अनुरूप सेवाहरूको सुनिश्चितता गर्नुपर्नेछ।

(५) एम्बुलेन्स, दमकल, प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवाका टेलिफोन नम्बरहरू सवैले देख्ने गरी राख्नु पर्नेछ।

(६) अस्पतालमा आउने बिरामीहरूलाई आवश्यक पर्ने जानकारी उपलब्ध गराउनका लागि सोधपुछ वा सहायता कक्षको व्यवस्था गरेको हुनुपर्नेछ।

(७) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनका साथै आवश्यक आधुनिक यन्त्रको समेत समुचित व्यवस्था गर्नुपर्नेछ।

(८) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका बारेमा समय-समयमा अस्पतालले जनचेतनामूलक अभियान सञ्चालन गरी जनसमुदायलाई जानकारी गराउनु पर्नेछ।

(९) अस्पतालले स्वास्थ्य सम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरेबमोजिम नियमित रूपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोकेबमोजिम प्रेषण तथा प्रविष्ट गर्नु पर्नेछ।

(१०) अस्पताल वा स्वास्थ्यकर्मीले सङ्कलन गरेको स्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनियताको सुनिश्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ।

(११) अस्पतालले प्रदान गरेका सेवाहरूको बारेमा सेवाग्राहीको सन्तुष्टिको स्तर मापन गर्नका लागि **अनुसूची-४** बमोजिमको फाराम प्रयोग गरिनेछ।

**१४. अस्पताल व्यवस्थापक सम्बन्धी व्यवस्थाः**

(१) आधारभूत नगर अस्पताललाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि आवश्यक व्यवस्थापकीय कार्यको समन्वय गर्न प्रशासन सेवाको कर्मचारीको पदपुर्ती नहुँदासम्मका लागि नगर प्रमुखले अस्पताल विकास समितिका सदस्यहरूमध्येबाट एक जना सदस्यलाई अस्पताल व्यवस्थापक मनोनित गर्न सक्नेछ ।

(२) अस्पताल व्यवस्थापकले देहाय बमोजिमको कार्यहरू गर्नेछः-

- अस्पतालमा कार्यरत जनशक्तिलाई तोकिएको कामकाज गर्न लगाउने,
- अस्पतालको सम्पूर्ण चल/अचल सम्पत्तीको रेखदेख गर्ने तथा गर्न लगाउने,
- अस्पतालको सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउन सहजीकरण गर्ने,
- आवश्यक तथ्याङ्क, प्रतिवेदनहरू र विवरणहरू तयार गर्न तथा अद्यावधिक गर्न लगाउने,
- अस्पताल विकास समितिको बैठकमा अस्पतालको सञ्चालन तथा सेवासम्बन्धी विषयमा जानकारी दिने
- अस्पताल विकास समितिले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

(३) अस्पताल व्यवस्थापकको पद बेतलबी हुनेछ, तर निजलाई अस्पताल विकास समितिको निर्णय बमोजिम सेवा सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन ।

**१५. गुनासो व्यवस्थापनः** (१) अस्पतालले सवैले देख्ने ठाउँमा सुझाव तथा उजुरी पेटिका राख्ने र नियमित रूपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ।

ठाकुरबाबा आधारभूत नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८

(२) अस्पतालले मातहतका कर्मचारीहरूमध्येबाट एक जना सूचना अधिकारी तथा एक जना गुनासो सुन्ने अधिकारी तोकी नियमानुसार सूचना दिने, गुनासो सुन्ने र गुनासो फस्यौंट गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

**१६. <u>अस्पतालको छापः</u>** अस्पतालले प्रशासनिक कार्यका लागि **अनुसूची-५** मा उल्लिखित भए बमोजिमको छापको प्रयोग गर्नेछ ।

**१७. <u>वार्षिक प्रतिवेदन पेश गर्नेः</u>** अस्पतालले वर्षभरी गरेको काम कारबाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र नगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

**१८. <u>निर्देशन पालना गर्नुपर्नेः</u>** ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले दिएको निर्देशनहरूको पालना गर्नु समिति र अस्पतालको कर्तव्य हुनेछ।

**१९. <u>अधिकार प्रत्यायोजन गर्न सक्नेः</u>** समितिले आफुलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकताअनुसार केही अधिकार अध्यक्ष, सदस्य तथा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**२०. <u>बीमा शोधभर्ना रकम खर्च सम्बन्धी व्यवस्थाः</u>** (१) स्वास्थ्य बीमा कार्यक्रमका सदस्यहरूलाई अस्पतालले सेवा उपलब्ध गराए बापत स्वास्थ्य बीमा बोर्डबाट शोधभर्ना प्राप्त रकमलाई बीमा बोर्डबाट शोधभर्ना पाएको रकम खर्च सम्बन्धी निर्देशिका बमोजिम कुल प्राप्त रकमलाई शतप्रतिशत मानि देहायका शीर्षकमा देहाय बमोजिमको प्रतिशतका आधारमा रकम छुट्टाई खर्च गरिनेछः-

(क) औषधि खरिद - ३५ प्रतिशत

(ख) मेसिनरी औजार उपकरण खरिद - ३० प्रतिशत

(ग) जनशक्ति व्यवस्थापन - १५ प्रतिशत

(घ) कर्मचारी प्रोत्साहन भत्ता खर्च - १० प्रतिशत

(ङ) प्रशासनिक खर्च - १० प्रतिशत

(२) उपदफा १ को (घ) बमोजिम छुट्टिने रकम चिकित्सक पारामेडिक्स र सहयोगी कर्मचारीका बीचमा बाँडफाँड अस्पताल विकास समितिको निर्णानुसार हुनेछ ।

(३) अस्पतालको आवश्यकतानुसार उपदफा (१) मा तोकेएको खर्च प्रतिशतमा समितिको निर्णयानुसार बढीमा १० प्रतिशतसम्म थपघट गर्न बाधा पर्ने छैन।

**२१. <u>हेरफेर तथा संशोधनः</u>** नगरपालिकाले यो ऐनमा आवश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ।

**२२. <u>कार्यविधिगत कानून बनाउन सक्नेः</u>** यो ऐनको उद्देश्यपूर्तिका लागि कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका, मापदण्डजस्ता कार्यविधिगत कानून बनाउन सक्नेछ ।

**२३. <u>बाधा अड्काउ फुकाउने अधिकारः</u>** यस ऐनमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यन्वयनमा बाधा आई परेमा बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

**२४. <u>स्वतः अमान्य हुनेः</u>** यस ऐनमा लेखिएको कुनै कुरा प्रचलित नेपाल कानूनको कुनै व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

**२५. <u>खारेजी तथा बचाउः</u>** (१) आधारभूत नगर अस्पताल सञ्चालन कार्यविधि, २०७९ (चौथों संशोधन समेत) खारेज गरिएको छ ।

(२) उपदफा (१) मा खारेज गरिएको कार्यविधि बमोजिम भए गरेका कार्यहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

ठाकुरबाबा आधारभूत नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८३

**अनुसूची-१**

**(दफा ४ को उपदफा १ (भ) सँग सम्बन्धित)**

**डिस्चार्ज सारांश ढाँचा**

ठाकुरबाबा नगरपालिका

ठाकुरबाबा आधारभूत नगर अस्पताल

नेउलापुर, बर्दिया

बिरामीको नाम : उमेर :

बिरामीको ठेगाना : सम्पर्क नं. :

अस्पतालको वार्ड : युनिट :

बिरामीको परिचय पत्र नं./दर्ता नं. : मितिः

समस्याहरू :

परीक्षण गरिएको विवरणः

उपचारको क्रममा भेटिएको तथ्य, उपचार प्रक्रिया र पद्धतिः

उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधि (भर्ना भएको मिति र समय) :

उपचार सम्बन्धी विवरण :

सिफारिस औषधिको नाम, मात्रा र अवधिः

डिस्चार्ज हुँदाको स्वास्थ्य अवस्था/सो समयमा दिइएको निर्देशनः

पुनः अस्पताल आउने सम्बन्धी विवरणः

यस उपचारको क्रममा पुनः अस्पताल आउनु पर्ने वा नपर्ने/आउनु पर्ने मितिः

केही अन्य आवश्यक कुराहरू भएः

ठाकुरबाबा आधारभूत नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८३

## अनुसूची-२
## (दफा (९) को उपदफा (७) सँग सम्बन्धित)
## विकास समितिको निर्णय आवश्यक नपर्ने खर्चहरू

(१) साधारण खर्चः

(क) स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरूको लागि नगरपालिकाबाट प्राप्त पारिश्रमिक।

(ख) स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरूले नियमानुसार पाउने भत्ता तथा सुविधा।

(ग) समितिले निर्णय गरी करार सेवामा नियुक्त गरिएका कर्मचारीहरूको समितिकै निर्णय अनुसारको पारिश्रमिक।

(घ) समितिले निर्णय गरी करार सेवामा नियुक्त गरिएका कर्मचारीहरूले नियमानुसार पाउने भत्ता तथा सुविधा।

(ङ) कर्मचारीहरूले कार्यविधिअनुसार पाउने अन्य सुविधा।

(२) सञ्चालन खर्चः

(क) नियमित विद्युत, टेलिफोन तथा खानेपानीको महशुल ।

(ख) एम्बुलेन्स तथा अन्य सवारी साधनमा प्रयोग हुने इन्धनको खर्च।

(ग) बीस हजार रूपैयाँसम्मका साधारण मर्मत सम्भार र कार्य सञ्चालनका खर्चहरू।

(घ) विभिन्न बैठकका लागि आवश्यक खाजा र खाना खर्चहरु ।

(३) मालसामान, औषधी तथा पूर्वाधार खर्चः

(क) समितिको स्वीकृति लिई प्रतिस्पर्धाबाट खरिद भएका मालसामानहरूको भुक्तानी।

(ख) समितिको स्वीकृति लिई प्रतिस्पर्धाबाट खरिद भएका औषधीहरूको भुक्तानी।

(ग) समितिको स्वीकृति लिई प्रतिस्पर्धाबाट निर्माण भएका पूर्वाधारहरूको भुक्तानी।

ठाकुरबाबा आधारभूत नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन २०८३

## अनुसूची-३
## (दफा १३ को उपदफा (४) सँग सम्बन्धित)
## नागरिक बडापत्रको ढाँचा

| क्र.सं. | शाखा/वार्ड | अस्पतालबाट प्रदान गरिने सेवा | सम्बन्धित सम्पर्क व्यक्ति | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

ठाकुरबाबा आधारभूत नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८३

## अनुसूची-४
## दफा (१३) को उपदफा (११) सँग सम्बन्धित
## सेवाग्राही सन्तुष्टि फाराम

(आफ्नो अमूल्य समयबाट केही समय अस्पतालबाट प्राप्त गरेका सेवाहरूको बारेमा यहाँको अमूल्य सल्लाह, सुझाव र प्रतिक्रियाको साथ यस अस्पतालको बिरामीलाई गुणस्तरीय सेवा प्रदान गर्ने हाम्रो उद्देश्यमा सहयोग गरिदिनु होला)

फाराम भर्नेको नामः मोबाइल नं.:

(क) तपाईं यस अस्पतालमा आउनु भएको कति औं पटक हो ?

१. पहिलो २. दोस्रो ३. तेस्रो ४. धेरै पटक

(ख) तपाईं अस्पतालमा आउनु भएको कति समय पछि उपचार सुरु भयो ?

१. आउने बित्तिकै २. १५ मिनेटभित्र ३. ३० मिनेटभित्र ४. १ घण्टा वा सोभन्दा बढी

(ग) के डाक्टरले तपाईंलाई जाँच गरी तपाईंको रोग र उपचार प्रक्रियाका बारेमा प्रष्ट जानकारी दिनुभयो ?

१. दिनुभयो २. दिनु भएन ३. डाक्टरबाट जाँच नै भएन ४. अन्य कर्मचारीबाट थाहा पायौं

कृपया आफ्नो विचार मिल्ने कोठामा ठिक लगाइदिनु होला ।

| मूल्याङ्कन | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | उत्कृष्ट | राम्रो | सन्तोषजनक | सुधार आवश्यक | नराम्रो |
| १ | कर्मचारीहरूको व्यवहार<br>• डाक्टर<br>• नर्स<br>• पारामेडिक्स<br>• फार्मेसी<br>• काउन्टर<br>• सरसफाई कर्मचारी | | | | | |
| २ | उपचार प्रक्रिया | | | | | |
| ३ | बिरामीहरूप्रतिको हेरचाह | | | | | |
| ४ | सरसफाई | | | | | |
| ५ | फार्मेसी सेवा | | | | | |
| ६ | प्रयोगशाला सेवा (ल्याब) | | | | | |
| ७ | एक्सरे सेवा | | | | | |
| ८ | पार्किङ्ग सेवा | | | | | |
| ९ | सुरक्षा सेवा | | | | | |
| १० | खानेपानी सेवा | | | | | |
| ११ | शौचालयको व्यवस्था तथा सरसफाई | | | | | |
| १२ | सेवा अनुसारको शुल्क | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | फोहोरमैला व्यवस्थापन | | | | | |
| १४ | चमेना गृह सेवा | | | | | |
| १५ | अन्य सेवाहरू | | | | | |

<u>उपचार गराएको वार्ड :</u>

ओपिडीः प्रसुति कक्षः बाल उपचार कक्षः

सर्जरी कक्षः मेडिसिन कक्षः हाडजोर्नी कक्षः

अन्यः

<u>अस्पतालको समग्र मूल्याङ्कनः</u>

उत्कृष्टः राम्रोः सन्तोषजनकः सुधार आवश्यकः नराम्रोः

ठाकुरबाबा आधारभूत नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८३

**अनुसूची-५**
**(दफा १६ सँग सम्बन्धित)**
**अस्पतालको छापको नमूना**

१. **छापको नमूनाः** ठाकुरबाबा आधारभूत नगर अस्पतालको छापमा नेपालको निशान छापको तल ठाकुरबाबा नगरपालिका, ठाकुरबाबा आधारभूत नगर अस्पताल, नेउलापुर, बर्दिया लेखिनेछ र छापको नमूना देहाय बमोजिम रहेको छ।

ठाकुरबाबा नगरपालिका

**ठाकुरबाबा आधारभूत नगर अस्पताल**

नेउलापुर, बर्दिया

२. **छापको आकारः** नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ।

**आज्ञाले**
मंगल बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा आधारभूत नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन ऐन, २०८३